


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २७ गते आइतबार ❑ 12 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।–

## एमालेको विधान अधिवेशन असोज दोस्रो साता

**रासस**
**काठमाडौं, २६ भदौ**

नेकपा (एमाले) स्थायी कमिटीको शनिबारको बैठकले पार्टीको विधान अधिवेशन आगामी आसोजको दोस्रो साता आयोजना गर्ने निर्णय गरेको छ।

पार्टी अध्यक्ष केपी ओलीको अध्यक्षतामा शनिबार भएको बैठकले विधान महाधिवेशन आगामी असोज १५ देखि १७ गतेसम्म गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख योगेशकुमार भट्टराईले राससलाई जानकारी दिनुभयो । यसअघि अधिवेशन असोज ४ देखि ६ गतेभित्र आयोजना गर्ने निर्णय भएको थियो।

दस्तावेज तयारीका निम्ति पर्याप्त समय नएकाले विधान अधिवेशनको मिति सारिएको जानकारी दिँदै त्यससम्बन्धमा थप छलफल गर्न स्थायी कमिटीको बैठक असोज ३ र ४ गते डाकिएको उहाँले बताउनुभयो। अबको स्थायी कमिटी बैठकमा विधान संशोधन प्रस्ताव, राजनीतिक प्रतिवेदन र साङ्गठनिक प्रतिवेदन प्रस्तुत हुनेछ भने स्थायी कमिटीको बैठकबाट उक्त प्रस्ताव पारित भएपछि असोज ८ र ९ गते बस्ने केन्द्रीय कमिटी बैठकले अनुमोदन गर्ने उहाँले जानकारी दिनुभयो।

बैठकले अधिवेशनका लागि तीन हजार प्रतिनिधि हुने निर्णय गरेको छ । अघिल्लो अधिवेशनमा प्रतिनिधि परिषद् सदस्य र महाधिवेशन प्रतिनिधि स्वतः प्रतिनिधि हुने गरेका थिए तर यसपटक पार्टीको नवौं महाविधेशनपछि परिषद् निर्वाचित नगरेको विधान महाधिवेशनमा सहभागी हुने प्रतिनिधिका लागि बाधा अड्काउ फुकाउको व्यवस्था गरिएको उहाँले जानकारी दिए।

उहाँका अनुसार विधान महाधिवेशनका लागि केन्द्रीय कमिटी र केन्द्रीय कमिटीका पदाधिकारी, निर्वाचन आयोग, लेखा आयोग, निर्वाचन आयोग, केन्द्रीय सल्लाहाकार परिषद्, ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी तथा सदस्य, केन्द्रीय विभागबाट १५ जनाको सहभागिता, प्रदेश कमिटी र सो सरह मान्यता पाएका कमिटीका पदाधिकारी र सदस्य, जिल्ला कमिटीका पदाधिकारी र सदस्यले प्रतिनिधिको रूपमा सहभागी हुन पाउने व्यवस्था गरिएको छ। प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना सदस्य र एक जना महिला सदस्य तथा एक जना दलित सदस्यले भाग लिने छन्। पार्टीका सबै जनवर्गीय सङ्गठनबाट १० जनाले पनि विधान महाधिवेशनमा भाग लिन पाउने छन् । त्यस्तै प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्य, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख तथा स्थानीय तहका प्रमुख र उपप्रमुखमा पनि प्रतिनिधिको रूपमा रहन पाउनेछन् । प्रचार विभाग प्रमुख भट्टराईका अनुसार केन्द्रीय कमिटीले कूल प्रतिनिधिको १० प्रतिशत प्रतिनिधि मनोनित गर्न पाउने व्यवस्था गरिएको जानकारी दिनुभयो।

## मन्त्री बरालद्धारा बाढी र पहिरो प्रभावित क्षेत्र अवलोकन



**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौ**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले यस बर्षको बाढी र पहिरोबाट प्रभावित भएको कास्कीको केही ठाँउको अवलोकन गर्नु भएको छ।

मन्त्री बरालले कास्कीको मादी गाउँपालिकाको चासु, पोखरा १३ को कसेरी नजिकको बाढी र पहिरोबाट प्रभावित भएको बाटो लगायतको शनिबार अवलोकन तथा निरिक्षण गर्नु भएको हो।

पोखरा देखि काहुँखोला हुदै पर्यटकीय गाँउ ताङतिङ जाने सडक गत असारबाट बाढी तथा पहिरोले बत्काएका कारण हाल त्यसको बैकल्पिक बाटोबाट यातायात संचालन गरिएको छ। त्यसै गरी पोखरा १३ आर्वा विजय, कसेरी नजिकको क्षेत्रमा बाढी र पहिरोले पुराएको क्षतीको अवलोकन गर्दै मन्त्री बरालले जनताको आधार भूत आवश्यकता पुरा गर्न बाढी पहिरोले पारेको प्रभावलाई प्रदेश सरकारले सम्बोधन गर्ने जनाए। उनले भने "बाढी र पहिरोले यस बर्ष धेरै क्षती पुगेको छ, जनताका आधारभूत कुरा उपलब्ध गराउन प्रदेश सरकार तयार छ, यसको लागि कहाँ के गर्नु पर्छ हामी सहयोग गर्छौं।"

मन्त्री बराल सहितको टोलीसंग मादीमा नेकपा माओबादी केन्द्र मार्दी गाउँ पालिकाका अध्यक्ष कृष्णराज दाहाल, मार्दी गाउँपालिका वडा नम्बर ७ का अध्यक्ष लालबहादुर गुरुङ, पोखरामा पोखरा १३ का वडा अध्यक्ष दर्शन लामा लगायतको सहभागिता रहेको थियो।

## सभापतिको दौडबाट पछि हट्दिनः महामन्त्री कोइराला

**रासस**
**चितवन, २६ भदौ**

नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले आफू सभापतिको पदबाट पछि नहट्ने बताउनुभएको छ।

शनिबार यहाँ पत्रकार हरूसँग कुराकानी गर्दै उहाँले पार्टीको १४औं महाधिवेशनमा आफू सभापतिको उम्मेदवार रहने बताउनुभएको हो । उहाँले भन्नुभयो, "हैन म कहाँ ब्याक हुन्छु । म त उठ्ने नै प्रयत्न गर्दैछु ।" महामन्त्री कोइरालाले पार्टीको महाधिवेशनमा संस्थापन इतरको साझा उम्मेदवार समय आएपछि बन्ने भन्दै आफू सभापतिको उम्मेदवारबाट पछि नहटेको बताउनुभयो । उहाँले जिल्लाहरूमा कांग्रेसको अधिवेशन चलिरहेको समयमा कार्यतालिका संशोधन गर्नु बाध्यता रहेको उल्लेख गर्दै क्रियाशील सदस्यता विवाद अझै २१-२२ जिल्लामा कायमै रहेको र यो विवाद मिलाउनका लागि कार्यतालिका संशोधन गरिएको जानकारी दिनुभयो । क्रियाशीलको अन्तिम टुङ्गो छिट्टै लाग्ने उहाँले जानकारी दिनुभयो । एक फरक प्रसङ्गमा महामन्त्री कोइरालाले कम्युनिष्ट उच्छृङ्खल चरित्रका हुन्छन् भन्ने उदाहरण हिजो संसद्मा भएको घटनाले पुष्टि गरेको बताउनुभयो। विपक्षीको धर्म विरोध गर्ने भए पनि हिजोको घटनाले संसद्को गरिमामाथि आँच आउने काम भएको बताउँदै उहाँले भन्नुभयो, "उच्छृङ्खल चरित्रले कम्युनिष्ट पार्टीहरू चलिरहेका छन्।"

## ९९४ मा संक्रमण, १२ को मृत्यु

**रासस**
**काठमाडौं, २६ भदौ**

देशभर ९९४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शनिबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा नौ हजार ८४० जनामा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

सक्रिय सङ्क्रमित सङ्ख्या २७ हजार ३५५ छ। पाँच सय बढी सक्रिय सङ्क्रमित भएका जिल्ला १३ र २०० बढी सक्रिय सङ्क्रमित भएका जिल्ला २१ छन्। शनिबार एक हजार ३६८ जना सङ्क्रमणमुक्त भएका छन्।

यस अवधिमा सङ्क्रमणबाट १२ को ज्यान गएको छ। हालसम्म १० हजार ९३६ को सङ्क्रमणबाट मृत्यु भएको छ। चार सय ५६ सघन उपचार कक्ष, एक २२ भेन्टिलेटर, २५ हजार ७०८ होम आइसोलेशन, एक हजार ६४७ संस्थागत आइसोलेशन र ३१७ कोरोना सङ्क्रमित क्वारेन्टिनमा छन् । मन्त्रालयलका अनुसार आज ६८ हजार ६३० जनाले कोरोना विरुद्धको खोप लगाएका छन्। यस्तै ५७ लाख ६९ हजार ३२८ जनाले पहिलो मात्रा र ५१ लाख ६० हजार ५२४ जनाले पूर्णमात्राको खोप लगाएका छन्।

## पोखरामा विस्तार हुदैं क्यालिस्थेनिक्स

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौ**



पोखरामा क्यालिस्थेनिक्स व्यायाम विस्तारै हुदै गएको छ । क्यालिस्थेनिक्स एक प्रकारको व्यायाम हो । यसमा पोखरा युवाहरु विस्तारै एक भएर आगडी बढ्न थालेका छन्। युवाहरुले बारस्वाड नेपाल क्लब नै बनाएर व्यायाम लागेका छन्।

उनीहरुले यस्ता व्यायाम गर्ने क्यलिस्थेनिक्स पार्कहरु पनि निमार्ण गर्दै अगाडी बढेका वारस्वाड नेपालका अध्यक्ष जस्पर गुरुङले जानकारी दिए । उनीहरु युवाहरुलाई प्रशिक्षण समेत दिनै आएको बताए । अमेरिकाबाट शुरु भएको यो व्यायाममा पुल अप, पुस अप, बक्स जम्प, प्यारालल डिप्स, बर्पी, टायर फ्लीक्स र फार्मर्स क्यारी जस्ता खेल कौशल सिकाउने गर्दछन्। उनीहरु पोखरामा सन् २०१६ देखी क्यालिस्थेनिक्स गर्दै र सिकाउदै आएको बताए । क्यालिस्थेनिक्स गर्नका लागि पार्क आवश्यक हुने उनको भनाई छ। अहिले पोखरामा करिब एक सय खेलाडी रहेको उनले बताए । विशेषगरी हातको शक्तिले शारीरिक ब्यायाम गर्नुलाई क्यालिस्थेनिक्स भनिन्छ। यो खेलमा शारीरिक सुगठन र जिम्न्यास्टिक खेलका विशेषता मिश्रित हुने र अहिले साहसिक खेलका रुपमा चिनिन थालेको वारस्वाड नेपालका सदस्य विनेक खड्काले बताए। पोखराको मियापाटन, चाउथे, विरोटा, लेकसाइड लगाएतका ठाउँमा पार्क बनाएर व्यायाम गर्ने गरेको उनले बताए। क्यालिस्थेनिक्स व्यायामले जीवनमा धेरै सकारात्मक परिवर्तनहरू ल्याउने गरेको खेलाडी विधान रेग्मीले बताए। उनले पार्कको निर्माण गर्न सरकारले सहयोग गर्नु पर्ने बताए।



# एन प्याक्सन कास्कीको चित्रकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौ**

नेशनल प्याक्सन कास्कीको आयोजनामा छैटौ जिल्ला स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ।

नेशनल प्याक्सन कास्कीमा आवद्ध विद्यालयका २५ जना विद्यार्थी सहभागिता रहेको उक्त प्रतियोगितामा हाम्रो पोखरा राम्रो पोखरा विषयमा चित्र वनाउ दिइएको कार्यक्रम संयोजक सञ्जय पौडेलले जानकारी दिनुभयो । भौतिक उपस्थिसतिमा आयोजना गरिएको प्रतियोगितामा डायमण्ड मोडल स्कूलका आयान इकुवल प्रथम, कास्की मोडनाइज्डका मानस तामाङ द्धितीय, सिद्धार्थ लवडेलका आशिष तिमिल्सिना तृतीय तथा सिद्धिविनायकका सोसिमा घले र ज्ञानज्योति विद्याकुञ्जका रुपा भुजेल सान्त्वना भएका थिए।



विजयी विद्यार्थीलाई ट्रफि प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगिताको निर्णायकमा चित्रकार रमेश श्रेष्ठ र हरिराम जोजीजु रहनुभएको थियो। कार्यक्रममा वोल्दै प्रमुख अतिथि पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले छिट्टै नै भौतिक रुपमा विद्यालय सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो। ‘भौतिक रुपमा विद्यालय सञ्चालन गर्न हामीले धेरै प्रयास थालेका छौ, तर रिजल्ट आउन सकेको छैन’ उहाँले भन्नुभयो,- ‘कोरना सक्रंमित दर पनि घट्दै गएकाले कुनै न कुनै मोडालिटिमा हामी छिट्टै नै स्कूल सञ्चालन गर्ने तयारीमा छौं ।’ गण्डकी प्रदेशकै राजधानी कास्की भएकाले यस प्रदेशका विरामी उपचार गर्न कास्कीमा नै आउदा कास्की रेडजोनमा परेका कारण नै विद्यालय सञ्चालन गर्न नसकेको उहाको भनाइ थियो। एन प्याक्सनले विभिन्न विधामा प्रतियोगिता राखेर विद्यार्थीका फरक फरक क्षमतालाई प्रस्फुटन गर्ने काम गरेको बताउदै यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो । नेशनल प्याक्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र मोहन भट्टराइले भौतिक उपस्थितिमा नै प्रतियोगिता गरेर उदाहरणीय कार्य गरेको बताउनुभयो। चित्रकार रमेश श्रेष्ठले प्रतियोगिताले ललितकला क्षेत्रमा इट्टा थप्ने काम गरेको बताउनुभयो। नेशल प्यक्सान कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष रामबहादुर मोची, अतिरिक्त क्रियाकलाप प्रमुख राजु केसी, सदस्य शिवराज पौडेलले बोल्नुभएको थियो।



प्रातकालीनमा देखिएको फेवाताल : शनिबार प्रातकालीनमा देखिएको पर्यटकीयनगरी पोखराको फेवाताल। तस्वीर : राधिका कँडेल/रासस

# शैक्षिक गुणस्तर सुधार्न सम्झौता

**पोखरापत्र संवाददाता**
**वलिङ, २६ भदौ**

शैक्षिक गुणस्तर सुधार गर्न स्याङ्जाको वालिङ नगरपालिका र ब्रिटिश काउन्सिलबीच सम्झौता गरिएको छ। शिक्षा क्षेत्रमा देखिएका कमी-कमजोरीलाई सुधार गर्दै आधुनिक र व्यवस्थित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिने मुख्य उद्देश्यले सम्झौता गरिएको हो।

सम्झौतापत्रमा नगरप्रमुख दिलीपप्रताप खाँण र ब्रिटिश काउन्सिलका कन्ट्री डाइरेक्टर शाहिदा माकडौगेलबीच हस्ताक्षर गरिएको छ । नगरभित्रका सबै सामुदायिक विद्यालयमा लागू हुने गरी शिक्षाको गुणस्तर सुधारका लागि शैक्षिक परियोजना सञ्चालनका लागि सम्झौतागरिएकोनगरप्रमुखखाँणले बताउनुभयो । परियोजनाअन्तर्गत विद्यार्थी, अभिभावक, विद्यालय प्रशासन र विषयगत शिक्षकबीच शैक्षिक गुणस्तर वृद्धिका लागि आ-आफ्नो भूमिकामा स्पष्टता, एकरुपता बनाउनका लागि परियोजनाले महत्वपूर्ण भूमिका खेल्ने प्रमुख खाँणले बताउनुभयो।



“शिक्षण सिकाइ क्रियाकलापलाई थप व्यवस्थित र समयानुकूल बनाउँदै लगिने छ”, प्रमुख खाँणले भन्नुभयो, “विषयवस्तुप्रतिको सिकाइ र सिकाउने कलामा निपूर्णता ल्याउँदै गुणस्तरको मापन गरिने छ।”

असल अभ्यासको स्थानीयकरण र प्राप्त उपलब्धिको संरक्षण जस्ता विषयमा केन्द्रित रहेर उक्त परियोजना आगामी तीन वर्षसम्म सञ्चालन हुने प्रमुख खाँणले बताउनुभयो । ब्रिटिश काउन्सिलमार्फत उक्त परियोजना पहिलो चरणमा स्याङ्जाको वालिङ र नवलपरासीको कावासोती नगरपालिकामा नमूनाका रूपमा सञ्चालन गरिएको ब्रिटिश काउन्सिलका कन्ट्री डाइरेक्टर शाहिदा माकडौगेलले बताउनुभयो। परियोजनासञ्चालनकालागिपहिलो वर्ष ब्रिटिश काउन्सिलबाट कूल रकमको ७० प्रतिशत, दोस्रो वर्ष ६० प्रतिशत र तेस्रो वर्ष ५० प्रतिशत रकम उपलब्ध गराइने छ। सो नगरपालिकाले पहिलो वर्ष ३० प्रतिशत, दोस्रो वर्ष ४० प्रतिशत र तेस्रो वर्ष ५० प्रतिशत रकम खर्च गर्ने गरी सम्झौता गरिएको छ।

चालु शैक्षिक सत्रबाट यो परियोजना लागू हुने शिक्षा शाखा प्रमुख बाबुराम सापकोटाले बताउनुभयो । नगरभित्रका ५६ आधारभूत विद्यालय र १६ माध्यमिक गरी कूल ७२ सामुदायिक विद्यालयमा यो परियोजना तीन वर्षसम्म सञ्चालन हुने शाखा प्रमुख सापकोटाले बताउनुभयो।

पहिलो, दोस्रो र तेस्रो वर्षमा के-कसरी अगाडि बढ्ने भन्ने योजनासहित परियोजना सञ्चालन गरिएको हो । परियोजनाअन्तर्गत विद्यालयको स्पष्ट योजना, पारदर्शी कार्यान्वयन र उपलब्धि मापनयोग्य हुने प्रमुख सापकोटाले जानकारी दिनुभयो । विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवालालाई आवश्यक तालिम, ज्ञान तथा सीप हस्तान्तरण गर्दै लगिने छ।

# अर्थमन्त्रीसँग एमसीसी उपाध्यक्षको शिष्टाचार भेट

**रासस**
**काठमाडौं, २६ भदौ**

अर्थमन्त्री जनार्दन शर्मासँग नेपाल भ्रमणमा रहनु भएका अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन( एमसीसी)काउपाध्यक्षफतिमासुमारले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

अर्थ मन्त्रालयमा शनिबार भएको भेटमा उहाँहरूबीच आयोजनाको समग्र पक्षकाबारेमा छलफल भएको थियो । भेटका अवसरमा अर्थमन्त्रीले एमसिसीका विषयमा राजनैतिकस्तरमा छलफल भइरहेको बताउनुभएको थियो। अर्थ मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, “नेपाल र मिलेनियम च्यालेन्ज कर्पोरेशनबीच सन् २०१७ मा सम्पन्न कम्प्याक्टका विषयमा राजनैतिकस्तरमा छलफल भइरहेको छ।” सो अवसरमा उपाध्यक्ष सुमारले कम्प्याक्टलाई शीघ्र अनुमोदन गरी कार्यान्वयनमा लैजान आग्रह गर्नुभएको थियो।






# सन्दीप एक्लैले छ विकेट लिएपछि नेपाललाई सिरिज

**रासस**
**काठमाडौं, २६ भदौ**

लेग स्पिनर सन्दीप लामिछाने एक्लैले छ विकेट लिएपछि नेपालले पपुवा न्यूगिनीविरुद्धको क्रिकेट सिरिज जितेको छ । नेपालले पपुवा न्युगिनीलाई दोस्रो एकदिवसीय खेलमा १५१ रनले पराजित गर्दै सिरिज दुई शून्यले आफ्नो पक्षमा पारेको हो।

ओमानमा भएको एकदिवसीय सिरिजअन्तर्गगत शुक्रबारको डे नाइट खेलमा नेपालका लामिछानेले उत्कृष्ट बलिङ गर्दै पपुवा न्यूगिनीको पारीलाई ध्वस्त पार्नुभयो। उहाँले पाँच दशमलव एक ओभर बलिङ गर्दै मात्र ११ रन खर्चिनुभयो । लामिछानेको यो नै हालसम्मको उत्कृष्ट बलिङ हो । यसअघि उहाँले सन् २०२० मा कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा अमेरिकाविरुद्धको खेलमा १६ रन खर्चेर छ विकेट लिनुभएको थियो । नेपालले पपुवा न्यूगिनीसामु जितका लागि २३४ रनको लक्ष्य प्रस्तुत गरेको थियो। जवाफी ब्याटिङ गर्ने क्रममा पपुवा न्यूगिनीले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाएर ८२ रन मात्र बनाउन सक्यो। उसका लागि टोनी उराले १९, चार्ल्स अमिनीले १६, नर्मन भानुआले १२, सेसे बाउले ११ र गाउडी टोकाले १० रन बनाउनुभयो । बलिङ नेपालका लागि सोमपाल कामी, विक्रम सोब र सुशन भारीले एक/एक विकेट लिनुभयो।

यसअघि नेपालले टस जितेर पहिला ब्याटिङ गर्दै ४९ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर २३३ रन बनाएको थियो । सङ्कटमा परेको नेपालको पारीलाई रोहितकुमार पौडेल र करण केसीले माथि उकास्नुभयो । पौडेलले उत्कृष्ट ब्याटिङ गर्दै ८६ रनको योगदान दिनुभयो । सो क्रममा उहाँले १२३ बल खेल्दै तीन छक्का र दुई चौका हान्नुभयो। यस्तै केसीले २६ बलमा ४२ रन बनाउनुभयो। यसमा उहाँको चार छक्का र दुई चौका सामेल थियो।

नेपालका लागि कप्तान ज्ञानेन्द्र मल्लले ७० बलमा दुई छक्का र तीन चौकाको मद्दतमा ४५, विनोद भण्डारीले १७ तथा सोमपाल कामीले ११ रन बनाउनुभयो । बलिङतर्फ पपुवा न्यूगिनीका चाड सोपरले तीन, कबुआ मोरिया र नर्मन भानुआले दुई/दुई तथा चार्ल्स अमिनीले एक विकेट लिनुभयो । यसअघि पहिलो एकदिवसीय खेलमा नेपालले पपुवा न्यूगिनीलाई दुई विकेटले पराजित गरेको थियो।

नेपालले अब सोमबारदेखि आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत ओमान र अमेरिकासित त्रिकोणात्मक एकदिवसीय सिरिज खेल्ने छ। ओमान सिरिज आगामी असोज ४ गतेसम्म सञ्चालन हुनेछ । त्रिकोणात्मक सिरिजमा नेपालले ओमान र अमेरिकासँग दुई/दुई खेल खेल्नेछ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# प्रतिस्थापन विधेयकबाट नयाँ बजेट

पूर्ववर्ती केपी शर्मा ओली सरकारका तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अध्यादेशमार्फत ल्याएको बजेटलाई प्रतिस्थापन गर्दै सरकारले नयाँ बजेट ल्याएको छ । प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले )को विरोधका बाबजुद शेर बहादुर देउवा सरकारका अर्थमन्त्री जनार्दन शर्माले राज्यलाई भार थप्ने बजेट ल्याएका छन । प्रतिस्थापन विधेयकमार्फत ल्याइएको बजेटले विद्यमान बहुआयामिक गरिबी न्यूनीकरण गर्ने, अर्थतन्त्रको पुनरुत्थान गरी उच्च दरको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइएको छ । नवउदारवादलाई पछ्याएको बजेटले संविधानले परिकल्पना गरेअनुरूप समावेशी र समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्नेमा सन्देह उत्पन्न गराएको छ। प्रतिस्थापन विधेयकमार्फत चालू आर्थिक वर्षको बजेटको आकार घटाइएको छ। राजस्वको लक्ष्य बढाइएको छ। अर्थमन्त्री शर्माले १६ खर्ब ३२ अर्ब ८३ करोडको बजेट ल्याएका छन।, पूर्ववर्ती सरकारले ल्याएको बजेटभन्दा १४ अर्ब ७४ करोड रुपैयाँले कम रहेको छ। । शर्माले ल्याएको नयाँ बजेटले चालू खर्च ६२ करोडले घटाएर ६ खर्ब ७७ अर्ब ९९ करोडमा झारेका छन् भने पुँजीगत खर्च तीन अर्ब ८४ करोडले बढाएर तीन खर्ब ७८ अर्ब १० करोड पु्र्याएका छन् ।

वित्तीय व्यवस्थातर्फको बजेट भने १८ अर्ब ५३ करोडले घटाएर एक खर्ब ८९ अर्ब ४४ करोडमा झारिएको छ । प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणतर्फको बजेट ५९ करोडले बढाएर तीन खर्ब ८७ अर्ब ३० करोड पुर्‍याइएको छ। अर्थमन्त्री शर्माले बजेटको आकार घटाए पनि राजस्वको लक्ष्य भने बढाएका छन् । सरकारले प्रतिस्थापन विधेयकमार्फत ल्याएको बजेटले १० खर्ब ५० अर्ब ८२ करोड राजस्व संकलन गर्ने लक्ष्य लिएको छ, जुन पूर्ववर्ती सरकारका अर्थमन्त्री पौडेलले लिएको लक्ष्यभन्दा २५ अर्ब ९२ करोडले बढेको छ। बजेटको स्रोततर्फ वैदेशिक अनुदान र ऋणको अंशलाई घटाइएको छ। विनियोजन अध्यादेश २०७८ मा प्रस्ताव गरिएको आन्तरिक तथा वैदेशिक ऋणको अंश ३७ अर्ब २० करोडले घटाइएको छ । वैदेशिक अनुदानको लक्ष्यलाई घटाएर तीन अर्ब ४५ करोडले घटाएर ५९ अर्ब ९२ करोडमा झारिएको छ । त्यस्तै, वैदेशिक ऋणको लक्ष्यलाई २६ अर्ब २० करोडले घटाएर दुई खर्ब ८३ अर्ब नौ करोड र आन्तरिक ऋणको लक्ष्यलाई ११ अर्बले घटाएर दुई खर्ब ३९ अर्बमा झारिएको छ। 'अनुत्पादक क्षेत्रमा सार्वजनिक ऋणको उपयोगले भविष्यमा सावाँ तथा ब्याज भुक्तानीका लागि राजस्वको ठूलो हिस्सा छुट्याउनुपर्ने, भावी पुस्तालाई ऋणको भार थपिन जाने, निजी क्षेत्रमा प्रवाह हुने वित्तीय स्रोत संकुचित हुने जोखिम रहने हुन्छ,'। 'सार्वजनिक ऋणलाई राष्ट्रिय आवश्यकता, पुँजी निर्माण, उच्च प्रतिफलयुक्त र उत्पादनशील क्षेत्रमा मात्र उपयोग गर्ने नीति लिएको छापूर्ववर्ती सरकारले आर्थिक बृद्धीदरको लक्ष्य हासिल हुन सक्दैन भन्नेहरूले अहिले आर्थिक वृद्धिदर बढाउने लक्ष्य लिनुलाई सकारात्मक मान्नुपर्छ।

अर्थमन्त्री शर्माल्। पूर्ववर्ती सरकारका अर्थमन्त्री पौडेलले ६.५ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने लक्ष्य लिएका थिए । अर्थमन्त्री शर्माले आर्थिक वृद्धि सात प्रतिशत हुने लक्ष्य लिएका छन्। मुद्रास्फीतिको लक्ष्य भने साबिककै ६.५ प्रतिशत राखिएको छ । 'प्रतिस्थापन विधेयकमार्फत सरकारले लिएका नीति तथा कार्यक्रमको कार्यान्वयन र २०७८ चैतभित्र कोभिड-१९ विरुद्धको खोप सबैलाई उपलब्ध हुने भई आर्थिक क्रियाकलाप विस्तार हुने हुँदा सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने अनुमान गरिएको छ। मुद्रास्फीतिदर ६.५ प्रतिशतमा सीमित हुने अनुमान गर्दै' अर्थमन्त्रीले बजेटमा भनेका छन् । चालू खर्चतर्फ बैठक भत्ता, इन्धन, मर्मत, कर्मचारी तालिम खर्च, सीप विकास तथा जनचेतना तालिम र गोष्ठीसम्बन्धी खर्च, कार्यक्रम खर्च, अनुगमन मूल्यांकन खर्च, भ्रमण खर्च, विविध कार्यक्रम खर्च शीर्षकमा न्यूनतम १० प्रतिशतका दरले बजेट कटौती गरिएको छ।, खर्च कटौती गर्दा तत्काल बचत हुन जाने देखिएको पाँच अर्ब रुपैयाँ कोभिड- १९ को खोप खरिदका लागि उपयोग गर्ने प्रबन्ध मिलाइएको छ ।' खोप व्यवस्थापनका लागि वैदेशिक स्रोतका अतिरिक्त आन्तरिक स्रोतसमेत परिचालन गर्ने प्रबन्ध गरेको अर्थमन्त्रीले जनाएका छन् ।

कोभिड- १९ विरुद्धको खोप खरिदका लागि खर्च व्यवस्थापन गर्न, कोभिड-१९ का कारण शिथिल बनेको अर्थतन्त्रको पुनरुत्थान गर्न, अनिवार्य दायित्व व्यवस्थापन गर्न तथा पुँजीगत खर्चलाई थप प्रभावकारी बनाई चालू खर्चमा मितव्ययिता कायम गर्न सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड तयार गरी लागू गरिने अर्थमन्त्रीले घोषणा गरेका छन् । अघिल्लो सरकारका जनमुखी कामलाई रद्द गरिएको छ । राजनीतिक पूर्वाग्रह र प्रतिशोधमा आधारित भएर ल्याइएको बजेट पुर्वाधारमा पश्चगामी देखिन्छ।, अघिल्लो सरकारले गरेका जनमुखी र राम्रा कामहरूलाई यो सरकारले रद्द गरेर विकासको लागि ओली सरकार चाहिने रहेछ भन्ने सन्देश दिएको छ । कतिपय कार्यक्रममा विनियोजन गरेको बजेट कटौती गरिएको हुँदा यसबाट सरकारले पश्चगामी यात्रा तय गरेको छ। भन्ने समाजवाद गर्ने नवउदारवादको छाप्रतिशोध र नकारात्मक धारणा राखेर सहि बाटोमा जान सकिदैन भन्ने हेक्का राखेर सहमतिको मार्ग खोज्नु आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'एमसिसी नेपालले नै छनौट गरेको परियोजना हो'

– भीष्मराज ओझा
काठमाडौं, २६ भदौ (रासस)

अमेरिकाको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) नेपाल कम्प्याक्टद्वारा अनुदान उपलब्ध गराइएका सबै परियोजनाहरू नेपाल सरकारले मुलुकको आर्थिक वृद्धिका निम्ति महत्वपूर्ण ठहऱ्याई नेपाल सरकारद्वारा नै छनोट गरिएको स्पष्ट पारिएको छ।

एमसिसीबारे विभिन्न टिकाटिप्पणी सार्वजनिक भइरहेका बेला सो निकायले स्पष्ट पार्दै परियोजना छनोटमा नेपाल सरकारको टोलीलाई एमसिसीले संयोजन गर्नुका साथै अमेरिकी सरकारीकर्मचारीकोटोलीलेसहयोग मात्र गरेको जनाएको छ। मिलेनियम च्यालेन्ज कम्प्याक्टबारे नेपाल सरकारका प्रश्नको जवाफका क्रममा एमसिसीले नेपालको आफ्नै प्रसारण लाइन गुरुयोजना सन् २०१५ को दस्तावेजले पहिचान गरेको तथा पछि प्रसारण लाइन विकास योजना सन् २०१७ ले समेत आवश्यकताका आधारमा पुनःपुष्टि गरेको प्रसारण लाइनहरूलाई नै एमसिसी नेपाल कम्प्याक्टमा समावेश गरिएको उल्लेख गरेको छ।

एमसिसी परियोजनालाई राष्ट्रियतासँग जोडेर गरिएका केही टिप्पणीका सम्बन्धमा सो निकायले सबै एमसिसी साझेदार देशहरूसँग सम्पन्न भएका एमसिसी कम्प्याक्ट अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तद्वारा निर्देशित अन्तर्राष्ट्रिय सम्झौता भएको स्पष्ट पारेको छ।

अन्य देशमा एमसिसीको अनुभवका आधारमा, कम्प्याक्टको कार्यान्वयन कुनै ढिलाइबिना अघि बढ्न सकोस् भन्ने सुनिश्चित गर्नका निम्ति कम्प्याक्टको हैसियत एक अन्तर्राष्ट्रिय सम्झौतासरह हुनु महत्वपूर्ण हुने एमसिसीको जवाफ छ। जुन कुरा कम्प्याक्टको सीमित पाँचवर्षे कार्यान्वयन अवधिको परिप्रेक्ष्यमा पनि विशेषरूपमा महत्वपूर्ण रहेको बताइएको छ । व्यवहारिक तवरमा कम्प्याक्टलाई अन्तर्राष्ट्रिय सम्झौताको स्तरमा राखिनुको प्रभाव भनेको स्थानीय कानुनको कुनै निश्चित प्रावधानसँग बाझिने विरलै अवस्थामा बाहेक, कम्प्याक्ट परियोजनाहरूको कार्यान्वयन नेपालको कानुनअनुसार नै हुने भन्ने हुन्छ । त्यस्तो विरलै अवस्थामा कम्प्याक्ट परियोजनाहरू कम्प्याक्टमा भएका आपसी सहमतिका शर्तहरू नेपालको संविधानबमोजिम नै कार्यान्वयन हुन्छन्। एमसिसीको उद्देश्य आर्थिक वृद्धिमार्फत गरिबी न्यूनीकरण गर्नु हो । नेपालमा एमसिसीको लक्ष्य नेपाली नागरिकको जीवनस्तर तीव्रगतिमा सुधार गर्नु रहेको छ।

**एमसिसी र सैन्य गठबन्धन**

एमसिसी लागू हुने अमेरिकी कानुन मिलेनिएम च्यालेन्ज ऐन, २००३ ले कुनै पनि सैन्य प्रयोजनका निम्ति अनुदान कोषको प्रयोग गर्नबाट निषेध गरेको छ । यस कानुनी बन्देजका बारेमा कम्प्याक्ट स्पष्ट छ । यस कम्प्याक्ट र कुनै सैन्य गठबन्धन वा सुरक्षा रणनीतिका बीच कुनै सम्बन्ध नभएको एमसिसीले उल्लेख गरेको छ।

कम्प्याक्टका लागि योग्य ठहऱ्याई साझेदार चयन गर्ने एमसिसीको प्रक्रिया वैधानिकरूपमा निर्धारित मापदण्डहरूमा आधारित छ र यसमा सैन्य पक्ष समावेश हुँदैन। एमसिसीको सञ्चालक समितिबाट कुनै पनि देश छनोटका लागि योग्य हुन विश्व बैंकद्वारा न्यून आय वा न्यून-मध्यम आय भएको देशको रूपमा वर्गीकृत भएको र न्यायसङ्गत र लोकतान्त्रिक शासन, जनतामा लगानी र आर्थिक स्वतन्त्रतामा आधारित एमसिसीको वार्षिक सूचकाङ्कको स्कोरकार्डमा उत्तीर्ण हुनुपर्दछ।

एमसिसीको वार्षिक सुचकाङ्कको स्कोरकार्डमा नेपालको लगातार उच्च नतिजा प्रदर्शन र लोकतान्त्रिक शासनप्रतिको निरन्तर प्रतिबद्धतालाई कदर गर्दै एमसिसीसँग कम्प्याक्ट कार्यक्रम विकास गर्न योग्य देशका रूपमा डिसेम्बर २०१४ मा नेपाललाई छनोट गरिएको हो । सबै एमसिसी कम्प्याक्टहरू अन्तर ीष्ट्रिय सम्झौता हुन् । नेपालको सन्दर्भमा नेपाल सरकारले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत कम्प्याक्ट अन्तर ीष्ट्रिय सम्झौता हुनका लागि नेपालको कानुनअनुसार संसदीय अनुमोदन आवश्यक छ भन्ने निष्कर्ष निकालेको थियो । सम्झौतामा नै एमसिसीबाट प्राप्त हुने रकम सैनिक प्रयोजनाका लागि प्रयोग हुन नपाउने भनेर किटानीसमेत गरिएको छ । एमसिसीले सैनिक प्रयोगमा उपयोग नहुने भनेर लेखेकाले पनि नेपालमा विदेशी सैनिक आउँछ भन्ने कुरा गलत रहेको र त्यसमा कुनै सत्यता नरहेको एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टको भनाइ छ । उहाँ भन्नुहुन्छ "यो सैन्यसम्बन्धी कुरा सम्झौतामै छैन तर कहाँबाट आएर यसरी प्रचार भइरहेको छ, अचम्मको कुरा छ।

**कम्प्याक्ट र हिन्द-प्रशान्त रणनीति**

नेपाल सरकारको जिज्ञासामा एमसिसीले एमसिसी नेपाल कम्प्याक्ट हिन्द-प्रशान्त रणनीति मातहतको सम्झौता नभएको र एमसिसी कम्प्याक्टहरू एमसिसी र साझेदार सरकारबीचका सम्झौता मात्र भएको स्पष्ट पारेको छ । साथै हिन्द-प्रशान्त रणनीतिको सम्बन्धमा नेपालको कुनै पनि निर्णय एमसिसी नेपाल कम्प्याक्टबाट अलग र स्वतन्त्र रहने एमसिसीको जवाफमा उल्लेख छ। "एमसिसीको स्थापना सन् २००४ मा कानुनी शासन, जनतामाथि लगानी र आर्थिक स्वतन्त्रताजस्ता लोकतान्तिक मूल्यप्रति कटिबद्ध देशहरूको आर्थिक वृद्धिमार्फत गरिबी न्यूनीकरणमा केन्द्रित रहने गरी भएको हो । एमसिसी नेपाल कम्प्याक्ट हिन्द-प्रशान्त रणनीति मातहतको सम्झौता होइन, न त यो अमेरिकाको कुनै सैन्य रणनीतिको हिस्सा नै हो", एमसिसीले नेपाल सरकारलाई पठाएको जवाफमा नै उल्लेख छ।

कम्प्याक्टका कार्यक्रम निर्देशित गर्ने प्राथमिक दस्तावेज कम्प्याक्ट सम्झौता भएको र एमसिसी तथा नेपाल सरकारबीच हुने कुनै सहायक सम्झौता कम्प्याक्टसँग बाझिन नसक्ने एमसिसीले नै स्पष्ट पारेको छ । उत्तरदायी निकायका रूपमा एमसीए-नेपाललाई स्थापना गरिने प्रावधान वास्तवमा कम्प्याक्टमा नै गरिएको छ र नेपाल सरकारले सन् २०१८ मा एमसीए-नेपालको स्थापना गरेको थियो। एमसीए-नेपालको सञ्चालन नेपाली सरकारी अधिकारीहरू तथा नेपालको निजी क्षेत्र, नागरिक समाज र सामुदायिक नेतृत्वका सदस्यहरू सम्मिलित सञ्चालक समितिबाट हुने गरेको छ। अनुदानको ५० करोड अमेरीकी डलर रकम नेपाली जनताको हितमा परियोजनाको कार्यान्वयनका लागि उपलब्ध गराउन कम्प्याक्टको कर छुटसम्बन्धी प्रावधानले सुनिश्चित गरेको छ । सो प्रावधान नेपाल सरकारले गरेको अन्य सम्झौतामा रहेको करसम्बन्धी व्यवस्थाअनुरुप नै छ र यो प्रावधान नेपालको करसम्बन्धी कानुनबमोजिम छ भन्ने एमसिसीको बुझाइ रहेको छ।

यस सम्बन्धमा नेपाली कांग्रेसका नेता एवं पूर्वअर्थमन्त्री डा रामशरण महत एमसिसीको अनुदान सहयोग सैनिक गठनबन्धनअन्तर्गत हो भन्नु अज्ञानता भएको बताउनुहुन्छ । यो अमेरिकाको इण्डो-प्यासिफिक नीतिअन्तर्गत हो भनी गरिएको हल्ला गलत भएको र नेपाल असंलग्न नीति अपनाएको राष्ट्र भएकाले कुनै पनि सैनिक गठबन्धनको अङ्ग नबन्ने नेता महतको भनाइ छ। यसबारेमा कसैले पनि भ्रममा पर्न नहुने आग्रह गर्दै नेता महत धेरै मेहेनत गरेर यो सहयोग प्राप्त भएको र यो ऋण नभई अनुदान सहयोग भएकाले यो अवसरलाई गुम्न दिन नहुनेमा जोड दिनुहुन्छ।

**लेखापरीक्षण महालेखाले नै गर्छ**

नेपालको महालेखापरीक्षकको कार्यालयले एमसीए-नेपालको लेखापरीक्षण गर्न सक्ने र त्यसरी नै लेखापरीक्षण भइरहेको एमसिसीले स्पष्ट पारेको छ । एमसिसीको जवाफमा भनिएको छ, "सार्वभौम राष्ट्रका हैसियतले नेपाल सरकार र अमेरिकी सरकारका तर्फबाट एमसिसी दुवैसँग एकपक्षीयरूपमा ३० दिनको सूचना दिएर कम्प्याक्टको अन्त्य गर्न सक्ने अधिकार छ। एमसिसीको आशय नेपाल सरकारसँगको सहकार्यमा कम्प्याक्टको अवधिभित्र परियोजना कार्यान्वयन सम्पन्न गरी नेपाली जनतालाई बढी फाइदा उपलब्ध गराउनु हो।"

एमसिए नेपालले वार्षिकरूपमा गरिरहेको खर्चका बारेमा महालेखापरीक्षकको कार्यालयले नियमितरूपमा लेखापरीक्षण गरिरहेको छ । एमसिए नेपाल अर्थ मन्त्रालय मातहतको विकास समिति भएकाले पनि खर्चको सारा हिसाबकिताब गर्ने निकाय नै महालेखा हो । यसैलाई नै लेखापरीक्षणको पूर्ण अधिकार रहेको छ। पछिल्लो तीन वर्षको लेखापरीक्षणसमेत भइसकेको छ। प्रतिवेदन हेर्न चाहनेले सहजैरूपमा महालेखाबाट हेर्न, लिन र पढ्न पनि सक्ने कार्यकारी निर्देशक विष्ट बताउनुहुन्छ । कम्प्याक्ट परियोजनाहरूको कार्यान्वयनको अवधि पाँच वर्षको हुन्छ र त्यसको सुरूआत कम्प्याक्ट कार्यान्वयनमा प्रवेश गरेको मितिदेखि हुन्छ । पाँच वर्षको कम्प्याक्ट कार्यान्वयन अवधिपछि नेपालमा एमसिसीको उपस्थिति समाप्त हुन्छ। अनुदानको प्रभावकारिता, लेखापरीक्षण र उद्देश्य प्राप्तिको मूल्याङ्कनजस्ता क्षेत्रसँग सम्बन्धित केही व्यवस्था पाँच वर्षको कम्प्याक्टको अवधिपछि पनि कायम रहन्छन् । उदाहरणका लागि परियोजनाहरूको सफलताको मूल्याङ्कन र कम्प्याक्टको अनुदानसम्बन्धी प्रतिवेदन तयार गर्नका लागि पाँच वर्षको कार्यान्वयन अवधिपछि एमसिसीले नेपाल सरकारसँग सहकार्य गर्नेछ । यद्यपि पाँच वर्षको कार्यान्वयन अवधिपछि भौतिकरूपमा नेपालमा एमसिसीको कार्यालय नरहने सो निकायले जनाएको छ। साथै एमसिसी नेपाल कम्प्याक्टले नेपाल सरकार र अन्य दातृ निकाय वा मुलुकबीचका सम्झौतालाई कुनै असर नगर्नेसमेत सो निकायले स्पष्ट पारेको छ । मन्त्रिपरिषद्को गठनादेशका आधारमा अर्थ मन्त्रालयअन्तर्गत रहने गरी मिलेनियम च्यालेन्ज एकाउण्ट नेपालको गठन विसं २०७५ जेठमा भएको हो । एमसिएको सञ्चालक समितिको अध्यक्षता अर्थ मन्त्रालयका सचिवले गर्ने व्यवस्था छ। सदस्यमा ऊर्जा, जलस्रोत तथा सिँचाइ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव, नेपाल विद्युत् प्राधिरकणका कार्यकारी निर्देशक, निजी क्षेत्रबाट एक, नागरिक समाजबाट एक जना रहने र एमसिए नेपालका कार्यकारी निर्देशक सदस्यसचिव रहने व्यवस्था छ। काम सुरु भएको पाँच वर्षभित्र आयोजनाको काम सम्पन्न गरी कम्प्याक्ट बन्द हुनेछ। एमसिसीले अफ्रिका, ल्याटिन अमेरिका र एशिया महादेशमा गरी २४ देशमा सहकार्य गरिरहेको छ । त्यसमा १७ देशमा कार्यान्वयनमा रहेका कम्प्याक्ट र थ्रेसहोल्डमा छन् भने १० वटा विकासक्रममा छन्।

सन् २०१७ मा नेपालले आफ्नो आवश्यकताका ३१८ किमी लम्बाइको ४०० केभीको प्रसारण लाइन, ३०० किमी लम्बाइको राजमार्गमा स्तरोन्नति गर्नेलगायतका परियोजनामा सहमति भएर एमसिसीअन्तर्गत ५० करोड डलर अर्थात् रु ५६ अर्ब अनुदान सहायता सम्झौतामा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले हस्ताक्षर गर्नुभएको थियो।

# सप्तऋषिको पूजा आराधना गरी मनाइयो ऋषिपञ्चमी

रासस
काठमाडौं, २६ भदौ


भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमी शनिबार नेपाली नारीहरूले अरुन्धतीसहित सप्त ऋषिको विधिपूर्वक पूजा आराधना गरी मनाएका छन्।

महिलाले शनिबार बिहानै उठेर नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो र खरानी लगाई स्नान गर्ने गर्दछन् । वाग्मती, मनोहरालगायत नदी किनारको मुहान क्षेत्रमा स्नान गर्न सकिने गरी पानी स्वच्छ भएकाले प्रत्येक वर्ष ऋषिपञ्चमीका दिन अपामार्गसहित विधिपूर्वक स्नान गर्न धेरै महिला जाने गरेका छन्।

स्नान गरेपछि अरुन्धतीसहित अत्रि, गौतम, भरद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गरेका छन्। जसलाई ऋषि पञ्चमीको पूजा लगाउने भनिन्छ। सप्त ऋषिको पूजा गर्ने पञ्चमी भएकैले आजको पञ्चमीलाई ऋषि पञ्चमी भनिएको हो । अन्जानमा भएका पापबाट मुक्त भइने धार्मिक विश्वास रही आएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ।

शनिबार स्नान गरी पूजा आजा गरेपछि नरोपी उम्रेका अन्न सामा, कागुनो, कन्दमूल र कर्कला आदि खाई एक छाक हविष्य बस्नुपर्ने व्रतविधि छ । प्रत्येक वर्ष ऋषिपञ्चमीका दिन काठमाडौँकोटेकु,मूलपानीलगायत मुलुकभरका ऋषेश्वर मन्दिरमामा पूजा आजाका लागि श्रद्धालु महिला भक्तजनको भीड लाग्ने गर्छ । ऋषिपञ्चमीसँगै चार दिन लामो तीज पर्व शनिबारदेखि समापन भएको छ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# पहिराले मध्यपहाडी लोकमार्गमा पाँच करोडको क्षति

पोखरापत्र संवाददाता
बागलुङ, २६ भदौ

कालोपत्रेको अन्तिम चरणमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गको पोखरा बागलुङ सडकअन्तर्गत पर्वत खण्डमा पहिराले क्षति पुऱ्याएको छ। भदौ १७ गते राति पर्वत खण्डको आठ किलोमिटर सडक २० ठाउँमा अवरुद्ध भएको थियो।

जसमध्ये सबैभन्दा क्षति कुश्मा नगरपालिकाको दोबिल्लामा भएको थियो। पर्वतको भ्याप्लेखोलामा विष्फोटक पदार्थ प्रयोग गरी एक हप्तापछि सडक सञ्चालनमा ल्याएको भएपनि सडकमा सास्ती कायमै रहेको यात्रुले बताएका छन्। सडकमा दैनिक घण्टौ जाम भइरहेको छ। पर्वत खण्डको २४ किलोमिटर सडक लामा कन्ट्रक्सनले कालोपत्रेको काम अन्तिम चरणमा पुऱ्याएपनि पहिराले बढी क्षति पुऱ्याएको छ। पहिराका कारण उक्त सडकमा भण्डै पाँच करोडको भौतिक संरचना ध्वस्त पारेको मध्यपहाडी पुष्पलाल राजमार्ग आयोजना कार्यालय पर्वतले जनाएको छ। निर्माण व्यवसायीले उक्त खण्डको २४ किलोमिटरमा जम्मा दुई किलोमिटर मात्रै सडक कालोपत्रे गर्न बाँकी रहेको थियो तर अहिले भण्डै एक किलोमिटर सडक पुन कालोपत्रे गर्नुपर्ने अवस्थामा आएको र थप केही किलोमिटर सडक मर्मत गर्नुपर्ने आयोजना कार्यालय पर्वतका प्रमुख मेघराज मरासीनीले जानकारी दिनुभयो।

भदौ १७ गतेदेखि अवरुद्ध राजमार्ग एक हप्तापछि खुलेपनि अहिले कतै हिलो, कतै सवारी फस्ने त कतै जाम हुने गर्दा पर्वत खण्ड पार गर्न यात्रुलाई घण्टौ समय लाग्ने गरेको छ। सडकको अवरोध हटेको भोलिपल्टै चुवामा दुई घण्टा सवारी जाममा परेको मोटरसाइकल यात्रु राजन कार्कीले बताउनुभयो। पहिरो खसेर क्षति पुऱ्याएको सबै सडक कालोपत्रे भइसकेको थियो। अहिले उक्त सडक एकतर्फी हुँदा सवारी जाम हुने समस्या बढ्दै गएको छ। "पर्वत खण्डको सडक बन्द हुँदा बागलुङको पञ्चिम क्षेत्र खर्बाङ-गुल्मी हुँदै बुटवल पुगेको थिए", कार्कीले भन्नुभयो, "सडक खुल्यो भनेपछि पोखरा बागलुङ सडकखण्डअन्तर्गत यात्रा गरेपनि चुवामा दुई घण्टा जाममा परियो, अत्यावश्यक बाहेक अन्यकामका लागि अहिले पर्वत खण्डमा यात्रा गर्दा निकै जोखिम छ।"

भ्याप्लेखोलामा सेनाको सहयोगमा चट्टान फुटाएर सडक खुलाए पनि सडकमाथि ठूला ढुङ्गा रहेका कारण जोखिम कायमै छ। आयोजनाले क्षतिको विवरण सङ्कलन गरिरहेको र पहिराले क्षति पुऱ्याएको कालोपत्रे सडक, नाली, पर्खाल, कल्भर्ट तथा थप नयाँ संरचना निर्माणका लागि अध्ययन भइरहेको मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजना कार्यालय पर्वतका इञ्जिनीयर उज्वल शर्माले जानकारी दिनुभयो। "सडकमा क्षति पुगेको छ, कालोपत्रे क्षतविक्षत सडकले निर्माण व्यवसायीलाई समस्यामा पारेको छ, सडक निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले सडक हस्तान्तरण गरीनसक्दा सडक मर्मतको जिम्मा निर्माण व्यवसायीकै हुन्छ", इञ्जिनीयर शर्माले भन्नुभयो, "तर सडकमा ठूलो क्षति भएका कारण र पहिलाका अनुमानभन्दा बाहिर गएर संरचना थप गर्नुपर्ने भएकाले केही छुट्टै निर्णय आवश्यक छ, अहिले लगत सङ्कलनकै क्रममा र थप संरचना थप गर्नुपर्ने स्थानको अध्ययनमा नै छौं।" पहीराले पर्वतकै तल्ला मोदी जलविद्युत् आयोजनामा करोडौंको क्षति भएको छ। सडक खुलेको भोलिपल्टदेखि नै उक्त सडकमा घण्टौ जाम हुन थालेको छ। सडक एकतर्फी सञ्चालनमा आए पनि कुश्मा नगरपालिका-८ चुवामा सडककै बगाएको थियो। सडक अस्थायीरुपमा सञ्चालनमा आएको भएपनि सडक छेउको माटो हटाउने कार्य भइरहेको छ। दोबिल्लामा ठूलो मात्रमा पर्खाल लगाउन आवश्यक रहेको र पर्खाल नलगाउँदासम्म दोबिल्लामा दुईतर्फी सडक खुलाउन नसकिने आयोजनाले जनाएको छ।

दोबिल्लामा सानो पानी पर्नासाथ सडक अवरुद्ध हुने सम्भावना रहेको छ। ध्वस्त भएको भण्डै पाँच करोडको संरचना र थप तीन करोडको नयाँ संरचना गरी सडकलाई पुरानै अवस्थामा ल्याउन आठ करोड जति खर्च लाग्ने आयोजनाको अनुमान छ।

# स्याङ्जाका तीन हजार ३०६ घरमा 'एक घर-एक धारा' जडान

-तोलाकान्त बगाले
वालिङ, २६ भदौ (रासस)

लामो समयदेखि खानेपानीको समस्या भोल्दै आएका स्याङ्जाका प्रत्येक घरमा 'एक घर एक धारा' जडान गरिएको छ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका तीन हजार ३०६ घरमा धारा निर्माण भएसँगै खानेपानीको पहुँच पुगेको हो। यहाँको मुख्य समस्याका रूपमा रहेको खानेपानी व्यवस्थापनका लागि गाउँपालिकाले नीति, योजना र बजेट विनियोजन गरेपछि घरघरमा धारा जडान भएको हो। गाउँपालिकाले प्रदेश र सङ्घीय सरकारको साझेदारी तथा विभिन्न दातृ निकायको सहयोगमा यहाँको मुख्य समस्याका रूपमा रहेको खानेपानीको व्यवस्थापन गरिएको गाउँपालिकाका खानेपानी सरसफाइ तथा स्वच्छता कार्यक्रम (वास) संयोजक भागिरथ अधिकारीले जानकारी दिनुभयो। गाउँपालिकाभित्र रहेका प्रायःजसो बस्तीहरूभन्दा तल्लो भागमा पानीका स्रोतहरू भएका कारणले गर्दा पनि यहाँका बासिन्दा खानेपानीको समस्याबाट पीडित हुँदै आएको थियो। गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ देखि खानेपानी योजनाहरू सञ्चालन गरेर समस्याको समाधानतर्फ लागेको संयोजक अधिकारीको भनाइ छ। उहाँका अनुसार सातवटा वडामा आव २०७६/७७ को अन्तिमसम्ममा २२ वटा खानेपानी योजनामार्फत दुई हजार एक सय २६ घरधुरीमा खानेपानी विस्तार गरिएको थियो। आव २०७७/७८ मा आठवटा योजनामार्फत एक हजार एक सय ८० घरधुरी गरी कूल ३० वटा खानेपानी योजना सम्पन्न गरी कूल तीन हजार तीन सय ६ घरधुरीमा 'एक घर-एक धारा' जडान गरी खानेपानीको पहुँच पुऱ्याइएको छ। चालु आव २०७८/७९ मा १७ वटा खानेपानी योजना सञ्चालनका क्रममा रहेका गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो। उहाँका अनुसार उक्त योजनाबाट बाँकी रहेका एक हजार सात सय ११ घरधुरी लाभान्वित हुने र सिङ्गो गाउँपालिकाका प्रत्येक घरमा धारा जडान गरी खानेपानीको सहजता हुनेछ। छोटो समयमै खानेपानीको समस्या समाधान गर्ने कार्यमा पालिकासँगसँगै स्थानीयवासीको पनि उत्साहजनक लागत सहभागिता रहेको अध्यक्ष थापाको भनाइ छ। 'समृद्ध गाउँपालिका, सुखी नागरिक' को मर्मलाई आत्मसात् गर्दै गाउँपालिकाले नागरिकका समस्यालाई केन्द्रमा राखेर नीति निर्माण गर्ने र त्यसको कार्यान्वयनमा जोड दिँदै आएअनुरुप खानेपानी तथा सिँचाइका लागि पानीको स्रोत व्यवस्थापन गरी वितरण गर्दै आएको छ।

गाउँपालिकामा निर्माण सम्पन्न भएका ३० खानेपानी योजनामध्ये वडा नं १ मा जरुवा लिफ्टिङ खानेपानी योजना सबैभन्दा ठूलो योजना रहेको छ भने वडा नं २ मा सबैभन्दा सानो कुटगन दाउन्ने खानेपानी योजना रहेको छ। करेकुवा योजनाअन्तर्गत तीन सय ७५ घरधुरी लाभान्वित छन् भने कुटगन योजनाअन्तर्गत ६ घरधुरी लाभान्वित भएका वास संयोजक अधिकारीले जानकारी दिनुभयो। यसैगरी लामो समयदेखि खानेपानीको समस्या भोल्दै कालीगण्डकी गाउँपालिका-२ को लसर्घा बेँसीका १५७ घरमा धारा निर्माण भएसँगै खानेपानीको पहुँच पुगेको छ। गाउँभन्दा दुई किलोमिटर टाढा रहेको तातोपानी मूलबाट पानी ल्याई गाउँभन्दामाथि रहेको माफ्टोलमा ट्याङ्की निर्माण गरी सोहीमार्फत् गाउँका प्रत्येक घरमा वितरण गरिएको संयोजक अधिकारीको भनाइ छ।

मगर समुदायको बसोबास रहेको स्याङ्जाको सुदूरपश्चिम गुल्मी तथा पाल्पाको सिमानासँग जोडिएको लसर्घा बेसीका नागरिकले स्थानीय ठाउँमा रहेका पानीको स्रोत कुवा, खोल्साखोल्सीका खानेपानीबाट तिर्खा मेट्दै आएका थिए। "यो योजना आउनभन्दा पूर्वको समयमा कुवा र खोल्साखोल्सीबाट पानी गाग्रीमा बोकेर खानुपर्ने बाध्यता थियो", अध्यक्ष थापाले भन्नुभयो, "त्यो पनि पर्याप्त थिएन, घण्टौंसम्म लाइनमा बस्नुपर्थ्यो, शुद्ध थिएन तर नखाई नहुने स्थिति थियो।" घरघरमै खानेपानीको धारा जडान भएपछि जतिबेला पनि पानीको सहज पहुँच पुगेकाले पिउनदेखि गाईभैंसी तथा करेसाबारीमा पनि प्रयोग गर्न सकिने भएको अध्यक्ष थापाको भनाइ छ। प्रत्येक घरमा मिटर जडान गरिएको छ भने मर्मत तथा पानी खोल्ने बन्द गर्नका लागि दुई जना कर्मचारी राखिएको छ। "खानेपानीको जोहो गर्नका लागि गाग्री लिएर टाढा रहेको कुवामा जानुपर्ने बाध्यता हटेको छ", उहाँले भन्नुभयो, "घरघरमै धारा जडान भएर चौबिसै घण्टा पानी आउन थालेपछि यहाँका बासिन्दालाई सहज र सुविधा भएको छ, आँगनमै पानीको पहुँच पुगेपछि स्थानीयवासी हर्षित भएका छन्।"

# महिनामै साढे तीन लाख बढीले हवाईजहाज चढे

रासस
काठमाडौं, २६ भदौ

हवाईभाडा महङ्गो छैन, त्यसैले सस्तो र सुलभ यात्रा, त्यो पनि हवाईजहाजबाट ! कसलाई पो हवाईजहाज चढ्न मन नलाग्ला ? कुनै समय हुनेखाने वर्गले मात्र हवाईजहाज चढ्थे। अहिले आम सर्वसाधरणको पहुँचमा पुगेको छ।

अब सडकको भन्भटिलो र पट्यारलाग्दो यात्रा गरिरहनु पर्दैन। गाडीभाडा बराबरको रकममा जहाज चढ्न पाइएपछि सामान्यदेखि मध्यम आय भएका नेपालीले हवाईजहाजको यात्रा रोज्छन्। त्यसको पछिल्लो उदाहरण हो मुलुकको आन्तरिक उडानमा हवाई यात्रुको बढ्दो सङ्ख्या।

कोभिड-१९ महामारीका बेला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर देशका विभिन्न गन्तव्यमा पुग्ने र राजधानी भित्रिने आन्तरिक हवाई यात्रुको सङ्ख्या बढेको पाइएको छ। विमानस्थलले उपलब्ध गराएको तथ्याङ्कअनुसार आन्तरिक उडानमा एक महिनामै साढे तीन लाखभन्दा बढीले हवाई यात्रा गरेका छन्। सन् २०२१ को अगष्ट महिनामा तीन लाख ५६ हजार ६ सय ७५ जनाले हवाई यात्रा गरेका छन्। यो वर्षको आठ महिना (जनवरीदेखि अगष्ट सम्म)कै सबैभन्दा बढी सङ्ख्या हो। विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाका अनुसार विमानस्थलबाट प्रस्थान गर्ने यात्रुको सङ्ख्या एक लाख ७९ हजार ५६ र आगमनतर्फ एक लाख ७७ हजार ६ सय १९ जना हवाई मार्गबाट आवतजावत गरेका छन्। अघिल्लो जुलाई महिनामा आगमन र प्रस्थान दुवै गरी कुल दुई लाख ९० हजार दुई सय ६४ यात्रुले हवाई यात्रा गरेका थिए। अन्तर्राष्ट्रिय यात्रुको सङ्ख्या भने कम छ। अहिले दैनिक २० देखि २५ उडान मात्रै उडान हुने गरेको छ। अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानतर्फ अहिले दैनिक एकतर्फी सरदर एक सय ५० उडान हुन्छन्। सामान्य अवस्थामा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै गरी करिब पाँच सय उडान हुने गरेको विमानस्थलले जनाएको छ। आन्तरिकतर्फ १० हेलिकप्टरसहित १९ वायुसेवा प्रदायकले उडान भर्दै आएका छन्। अन्तर्राष्ट्रियमा तीन नेपाली वायुसेवा प्रदायकसहित ३० वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्।

# पुल निर्माणमा ढिलाइ

पोखरापत्र संवाददाता
दमौली, २६ भदौ

तनहुँको दुई पालिका जोड्ने पक्की पुल निर्माणमा ढिलाइ भएको छ। शुक्लागण्डकी नगरपालिका-७ दोभान र भिमाद नगरपालिका-८ भागर जोड्ने सेती नदीमाथिको पुल निर्माण छ वर्ष बित्दा पनि सकिएको छैन।

सङ्घीय सरकारको लगानीमा निर्माण सुरु भएको सो पुलको म्याद तीन पटक थप गरिएको छ। हालसम्म तीन पिलरको काम सकिएको छ। पुल निर्माण सम्पन्न गर्न अझै केही वर्ष लाग्ने देखिएको स्थानीयवासी प्रेमबहादुर थापाले बताउनुभयो। पुल निर्माण नहुँदा सेतीपारिका भिमाद नगरपालिका र शुक्लागण्डकी तथा स्याङ्जाको हरिनास गाउँपालिकाका बासिन्दा मारमा परेका छन्। "जोखिम मोलेर भोलुङ्गे पुलको प्रयोग गर्नुपरेको छ", उहाँले भन्नुभयो, "धेरै पटक दुर्घटना भएको छ।" पक्की पुल नहुँदा भिमादबजार भएर लामो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ। पुल नबन्दा सेतीपारिको विकासको गतिविधि ठप्प छ। ठूला सवारी साधन घुमाउरो बाटो हुँदै पृथ्वीराजमार्ग पुग्नुपर्ने बाध्यता छ। भिमाद नगरपालिका-८ का वडाध्यक्ष बुद्धिमान श्रेष्ठ वर्खाको बेला सास्ती खेप्नु परेको बताउनुहुन्छ। विसं २०७२ असार ३० गते सम्झौता भई २०७५ असार २९ मा रु आठ करोड ८० लाखमा सम्पन्न गर्ने गरी एड्भेन्चर कन्स्ट्रक्सन, चितवनलाई उक्त पुल निर्माणको ठेक्का दिइएको थियो। विसं २०७५ चैत, २०७७ फागुन र २०७८ भदौमा पुल निर्माणको म्याद थप गरिएको छ। कोरोनाका कारण पुल निर्माणमा ढिलाइ भएको सडक डिभिजन कार्यालय, तनहुँका इन्जीनियर दीपेन्द्र पन्थले बताउनुभयो।

# निमित्त प्रशासकीय अधिकृत नियुक्तिमा विवाद

पोखरापत्र संवाददाता
मनाङ, २६ भदौ

सरकार परिवर्तन भएपछि कर्मचारी सरुवा तथा बढुवा गरिएको छ। यसले यहाँ समस्या सिर्जना भएको छ। जिल्लाका सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतविहीन छन्।

प्रशासकीय अधिकृतविहीन अवस्थामा कामकारबाही अगाडि बढाउन निमित्त प्रमुख प्रशासकीय अधिकृत कनिष्ठ व्यक्तिलाई जिम्मेवारी दिएपछि विवाद चुलिएको हो। प्रमुख प्रशासकीय अधिकृत सरुवा भएपछि डिस्याङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नियुक्तिमा विवाद भएको छ। अन्य स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत सरुवा भएपछि पदीय हिसाबबाट निमित्त प्रमुख प्रशासकीयको रूपमा कार्य तथा हाजिरी गराइएको भए पनि गाउँपालिकामा विवाद भएको छ। निवर्तमान अधिकृत दीपक ढकाल सरुवा भएर जानु भएपछि आएका निमित्त प्रशासकीय अधिकृत विवादमा मुछिएका छन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही भदौ २० मा अधिकृतस्तर छैटौं तहका जनस्वास्थ्य निरीक्षक नारायण यादवलाई जिम्मेवारी सुम्पेको पत्र पठाएको छ। प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदासम्म सम्पूर्ण आर्थिक र प्रशासनिक जिम्मेवारी यादवलाई सुम्पिएको छ। प्राविधिकलाई प्रशासनको जिम्मेवारी दिएको भन्दै गाउँपालिकाका जनप्रतिनिधि र अन्य फाँटका कर्मचारी नै असन्तुष्ट भएका छन्। ढकाल सरुवा हुने भएपछि गाउँपालिका अध्यक्ष कान्छा घलेको अध्यक्षतामा बैठक बसी यादवलाई जिम्मेवारी दिन मन्त्रालयमा पत्र पठाइएको थियो। उक्त बैठकको माइन्युट नै फर्जी रहेको वडा नं ५ का वडाध्यक्ष कर्मछिरिङ गुरुङ बताउनुहुन्छ। सधैं उठाउने माइन्युटमा नै नभएको निर्णयमा घरघरै गएर हस्ताक्षर गरेर मन्त्रालय पठाइएको उहाँले आरोप लगाउनुभयो। उक्त निर्णयमा निवर्तमान प्रशासकीय अधिकृत ढकालसहित गाउँपालिका उपाध्यक्ष, पाँच वडाध्यक्ष र एक कार्यपालिका सदस्यले हस्ताक्षर गर्नुभएको छैन। यसले भनै मिलेमतोमा निमित्त अधिकृत नियुक्त गरिएको खुलासा भएको जनप्रतिनिधिले आरोप लगाएका छन्। स्वास्थ्य क्षेत्र (प्राविधिक शाखा)मा कार्यरत कर्मचारी प्रशासन शाखामा नियुक्त हुँदा पालिकाको काममा असर पर्ने भन्दै उनीहरू असन्तुष्ट बनेका हुन्। लामो समयदेखि प्रशासन शाखामै उहाँभन्दा लामो समयदेखि कार्यरत कर्मचारीलाई नजरअन्दाज गरेर उहाँलाई नियुक्त गरिनु उपयुक्त नभएको कर्मचारीको भनाइ छ। अध्यक्ष घलेले दुवै जनाको नाम सिफारिस गरेर मन्त्रालयमा पठाएको बताउनुभयो। तीमध्ये यादवलाई मन्त्रालयले जिम्मेवारी सुम्पिने गरी पत्र पठाएको उहाँले जानकारी दिनुभयो। मन्त्रालयले चिठ्ठी पठाएपछि अब पौडेलको निमित्त प्रशासकीय अधिकृतको बाटो रोकिएको उहाँको भनाइ छ।

# कतारमा अलपत्र श्रमिकको उद्धार

पोखरापत्र संवाददाता
बागलुङ, २६ भदौ

हवाई टिकट काट्ने पैसासमेत नभएर नेपाल आउन नपाई कतारमा अलपत्र परेका चार श्रमिकलाई त्यहाँस्थित नेपाली दूतावास र गैरआवसीय नेपाली सङ्घ, कतारको पहलमा उद्धार गरिएको छ।


कतारको रोजगारी गुमेपछि स्वदेश फिर्तीको प्रतिक्षामा रहनुभएका बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका-३ का विकास शाही, काठमाडौंकी अस्मिता लामा, भोजपुरका मोहन पौडेल र महोत्तरीका उदयकुमार यादवलाई सङ्घले हवाई टिकटको प्रबन्ध गरी नेपाल पठाएको हो। सङ्घका प्रवक्ता सन्तोष क्षेत्रीका अनुसार शाही र यादव नेपाल एयरलाइन्सको विमानमार्फत शुक्रबार बिहान ९:०० बजे काठमाडौं आइपुगुभएको हो। लामा र पौडेल भने यही भदौ १ गते नेपाल फर्कनुभएको थियो। "कानुनी प्रबन्ध दूतावासले मिलाउने गर्छ, सङ्घले हवाई टिकट व्यवस्थापन गरेर उहाँलाई घर पठाएको हो", प्रवक्ता क्षेत्रीले टेलिफोनमा भन्नुभयो।

छमहिनाअघि कतार जानुभएका शाहीले आफू स्वास्थ्यका कारण काम छाडेर नेपाल फर्कनुपरेको बताउनुभयो। "सुरुका दुई महिना काम गरैं, त्यसपछि बिरामी परैं", उहाँले भन्नुभयो, "कम्पनीले पठाउन नमानेपछि दूतावास र एनआरएनएको सहयोगमा नेपाल आएँ।" सङ्कटमा सघाएर 'एनआरएन'ले नबिर्सने गुन लगाएको उहाँको भनाइ छ। काठमाडौं ओर्लेपछि आफू जन्मघर बाजुरा हिँडेको शाहीले सुनाउनुभयो। कोभिड-१९ महामारी फैलिएयता थुप्रै अलपत्र श्रमिकलाई उद्धार र सहायता गरिएको सङ्घले जनाएको छ। नेपाली दूतावाससँगको समन्वयमा उद्धार कार्य हुने गरेको प्रवक्ता क्षेत्रीले बताउनुभयो। महामारीका बेला विदेशमा रोजगारी गुमाउने नेपाली श्रमिकको सङ्ख्या ठूलो छ।

सङ्घको राष्ट्रिय समन्वय परिषद् कतारले उद्धार समिति नै बनाएर त्यहाँ रहेका श्रमिक नेपालीको दुःखमा साथ दिँदै आएको छ। "समस्यामा परेका जो-कोही नेपालीलाई सङ्घले सहयोग गर्छ", प्रवक्ता क्षेत्रीले भन्नुभयो, "जस्तोसुकै अप्ठ्यारो पर्दा सङ्घमा खबर गर्नुस् भनेका छौं।"


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् भुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २०२०/०६/१३

स्वर्गारोहण : २०७८/०५/१५

**स्व. तेजबहादुर बस्नेत**

पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद् नेपाल, कास्की शाखाका सभासद एवं नेपाल भूतपूर्व सैनिक संगठन जिल्ला कार्य समितिका सचिव **तेजबहादुर बस्नेत**को ५८ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी स्तब्ध एवं मर्माहत भएका छौं। यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**अध्यक्ष एवं नेपाल पूर्व प्रहरी संघ, कास्की परिवार**

**अध्यक्ष एवं नेपाल भूतपूर्व सैनिक संगठन, कास्की परिवार**

**अध्यक्ष एवं पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद नेपाल कास्की परिवार**